## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **डा.बलभद्र प्रसाद दास** र **पुनम दास** मु.नं (०७७-CR-००२०) फैसला मिति २०८०।११।०६ | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•प्रस्तुत मुद्दामा प्रतिवादी निज बलभद्र प्रसाद दासलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निज बलभद्र प्रसाद दासलाई बिगो **रू.७,७१,९२,८६०।२४ (अक्षेरूपी सात करोड एकहत्तर लाख बयानब्बे हजार आठ सय साठ्ठी रूपैया र चौबीस पैसा मात्र)** कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो **रू.७,७१,९२,८६०।२४ (अक्षेरूपी सात करोड एकहत्तर लाख बयानब्बे हजार आठ सय साठ्ठी रूपैया र चौबीस पैसा)** तथा सोवाट वढे वढाएको रकम समेत निज बलभद्र प्रसाद दास र निजकी एकासगोलकी श्रीमती पुनम दासको नाममा रहेको चल अचल सम्पत्तिवाट जफत हुन र यसरी जफत गर्दा नपुग हुने बिगो **रू.३,०४,४३,६४४।७८ (अक्षेरूपी तीन करोड चार लाख त्रिचालीस हजार छ सय चौवालीस रूपैया अठहत्तर र पैसा मात्र)** आरोपीको नाममा रहेको जग्गा जमिनबाट असुल उपर गरी जफत गर्न मागदावी लिएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>•निज बल भद्र प्रसाद दासले गैह्रकानूनी रूपमा सम्पत्ति आर्जन गरी निजकी श्रीमती पुनम दासको नाममा राखेको स्रोत नखुलेको सम्पत्ति साबिक | **फैसलाः**<br>प्रतिवादीलाई सफाई गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादी डा. बलभद्र प्रसाद दास करिब २६ वर्षसम्म सार्वजनिक पद धारण गरेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको नगद प्रवाह (Cash flow) को आधारमा विभिन्न समयको परीक्षण अवधि (Check Period ) कायम गरी अभियोग पेस भएको देखिन्छ। सामान्यतया सालक्रम नगद प्रवाह (Cash flow) को मापन व्ययसँग आयको तुलना गरी सम्पत्ति विश्लेषण गरी अभियोजन गरेको पाइन्छ। नेपाल जस्तो मुलुकमा कुनै पनि राष्ट्र सेवकले आफूसँग रहेको मौज्दात धनात्मक रहेको अवस्थामा मात्र सदैव घर घडेरी वा जग्गा खरिद गर्दछ भन्ने अनुमान गर्नु मनासिव हुँदैन। कुनै पनि व्यक्तिले आफूसँग रहेको मौज्दात ऋणात्मक भएको अवस्थामा समेत इष्टमित्र, नातागोत सँग सरसापट लिइ घर घडेरी वा जग्गा खरिद गर्न सक्दछ। यो नेपाली समाजको यथार्थ पनि हो। स्पष्ट कानुनको अभावमा नगद प्रवाह (Cash flow) को आधारमा मात्र आय व्ययको गणना गरी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिएन। समग्र जाँच अवधिको आय व्ययको विश्लेषण गरी टुङ्गोमा पुग्नु नै श्रेष्कर हुने देखियो।<br>•<u>**प्रतिवादीको व्यय तर्फः-**</u><br>•<u>**घर, फ्ल्याट एवं जग्गा खरिदः**</u><br>•**आयोगले घर, फ्ल्याट एवं जग्गा खरिदमा रु.८,८०,७१,५४९।८० प्रतिवादीको व्ययमा गणना गरेको देखिन्छ।** जसमा काठमाडौं जिल्ला नगर २ कि.नं.११२ र ११३ को जग्गा प्रतिवादी पुनम दासले मिति २०६७/८/१५ मा संगीता रुगेटासँग खरिद गरेको देखिन्छ। सो जग्गा खरिद गर्दा आयोगले अभियोगपत्रमा रु.१,५२,४५,८४९।८० उल्लेख गरेको देखिन्छ। मिसिल सम्लग्न मालपोत कार्यालय, | •प्रतिवादी डा. बलभद्र प्रसाद दासले करिब २६ वर्षसम्म सार्वजनिक पद धारण गरेको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको नगद प्रवाह (Cash flow) को आधारमा विभिन्न समयको परीक्षण अवधि (Check Period ) कायम गरी अभियोग पेस भएको देखिन्छ। सामान्यतया सालक्रम नगद प्रवाह (Cash flow) को मापन व्ययसँग आयको तुलना गरी सम्पत्ति विश्लेषण गरी अभियोजन गरेको पाइन्छ। नेपाल जस्तो मुलुकमा कुनै पनि राष्ट्र सेवकले आफूसँग रहेको मौज्दात धनात्मक रहेको अवस्थामा मात्र सदैव घर घरेडी वा जग्गा खरिद गर्दछ भन्ने अनुमान गर्नु मनासिव हुँदैन। कुनै पनि व्यक्तिले आफूसँग रहेको मौज्दात ऋणात्मक भएको अवस्थामा समेत इष्टमित्र, नातागोत सँग सरसापट लिइ घर घडेरी वा जग्गा खरिद गर्न सक्दछ। यो नेपाली समाजको यथार्थ पनि हो। स्पष्ट कानुनको अभावमा नगद प्रवाह (Cash flow) को आधारमा मात्र आय व्ययको गणना गरी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिएन। समग्र जाँच अवधिको आय व्ययको विश्लेषण गरी टुङ्गोमा पुग्नु नै श्रेष्कर हुने देखियो भनी आधार लिएको सम्वन्धमा हेर्दा उक्त अवधि समयावधिको आधारमा नभई आय र व्ययको आधारमा प्रतिवादीको आय व्यय प्रवाह विवरण तयार गर्ने क्रममा प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम जाँहा वाट वढी हुन आउछ र प्रतिवादीले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेको अवस्थामा तँहा सम्म एक जाँच अवधि कायम गर्दा उक्त जाँच अवधि कायम हुन गएको हो । आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको अवस्थामा *वादी नेपाल सरकार प्रतिवादी युवराज शर्मा भएको भ्रष्टाचार मुद्दामा* **"गैर कानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरुमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको सो अविधमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरुवाट श्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने"** (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भनि सिद्धान्त प्रतिपादन भएको देखिन्छ। समग्र जाँच अवधिको आधारमा सम्पत्तिको विश्लेषण गरी न्याय निरुपण गर्दा प्रस्तुत सिद्धान्तमा उल्लेख भए जस्तै बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने हुँदा उक्त आधार त्रुटीपूर्ण रहनुका साथै प्रस्तुत फैसला समेत बदरभागी छ।<br>•<u>**प्रतिवादीको व्यय तर्फः-**</u><br>•<u>**घर, फ्ल्याट एवं जग्गा खरिद**</u><br>•जिल्ला काठमाडौं, नगर-२, कि.नं.११२ क्षे.फ.०-२-३-० र कि.नं.११३ क्षे.फ.०-५-०-१ को घर जग्गा रू.१,३०,००,०००।- मा खरिद गरेको लिखतबाट देखिएकोमा उक्त खरिद मूल्य शंकास्पद देखिन आई वास्तविक खरिद मूल्य तर्फ अनुसन्धान गर्दा सोही घर जग्गा सनराईज बैंकमा धितो राख्ने प्रयोजनको लागि गरिएको भ्यालुएसेन रिपोर्टमा समेत सो घर जग्गाको मूल्य रू.१,९७,००,०००।- उल्लेख भएको र भ्यालुएटर ईश्वरी प्रसाद ढुङ्गानाले सोधपुछको क्रममा समेत उक्त घर जग्गाको न्यूनतम मूल्याङ्कन रू.१,९७,००,०००।- उल्लेख गरेको देखिन्छ, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग., दफा २९ उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम निज पुनम दासबाट जफत गर्ने प्रयोजनको लागि मात्र निज पुनम दासलाई प्रतिवादी कायम गरिएको ब्यहोरा सादर अनुरोध गरी विशेष अदालत, काठमाडौंसमक्ष आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरुले आरोपदावीवाट सफाई पाउने ठहर गरि फैसला भएको अवस्था छ। | डिल्लीबजारको राजिनामा रजिष्ट्रेशनको लिखत हेर्दा, उक्त जग्गा मिति २०६७/८/१५ मा संगीता रुंगटाबाट रु.१,३०,००,०००।- मा खरिद भएको देखिन्छ।यसै गरी काठमाण्डौ जिल्ला का.म.न.पा.४ग कि.नं.६३६ क्षे.फ. ४५३.८० व.मी.प्रतिवादी पुनम दासले रचना राणाबाट रु.४,००,००,०००।— मा खरिद गरेको मिसिल सम्लग्न मालपोत कार्यालय काठमाडौंको मिति २०७४।५।२१ को राजीनामा कागजबाट स्पष्ट रहेको छ।सो जग्गा अभियोग पत्रमा रु.६,२५,००,०००/- मा खरिद गरेको भनी उल्लेख भएको देखिन्छ। ललितपुर जिल्ला ललितपुर नगर ५ कि.नं.६०९ क्षे.फ. ०-३-०-२ जग्गा रिमा देवी श्रेष्ठबाट मिति २०६८/१०/०९ मा खरिद गरेको देखिन्छ। आरोप पत्रमा उक्त जग्गाको खरिद मुल्य रु.१२,३५,०००।- उल्लेख भएको देखिन्छ। सो जग्गा रिमा देवी श्रेष्ठसँग मिति २०६८/१०/९ मा रु.६,६६,०००/- मा खरिद गरेको मालपोत कार्यालय ललितपुरको मिति २०६८/१०/०९ को राजीनामा रजिष्ट्रेशनको लिखतबाट देखिन्छ।यसरी नै ललितपुर जिल्ला ललितपुर नगर ५ कि.नं.६२३ क्षेफ. ०-०-०-३ जग्गा रिमा देवी श्रेष्ठसँग मिति २०६८/१०/९ मा खरिद गरेको देखिन्छ। सो जग्गा खरिद गर्दाको व्ययलाई अभियोग पत्रमा रु.२,३७,०००।- उल्लेख गरेको देखिन्छ। उक्त जग्गा रिमा देवी श्रेष्ठसँग मिति २०६८/१०/०९ मा रु.१,१८,५००।— मा खरिद गरेको मालपोत कार्यालय ललितपुरको मिति २०६८/१०/९ को राजीनामाको लिखतबाट देखिन्छ।कुनै पनि जग्गा तथा घरको हक हस्तान्तरण गर्दा रजिष्ट्रेशन गर्ने, रजिष्ट्रेशन लिखत प्रमाणित गर्ने साधिकार निकाय भनेको सम्बन्धीत क्षेत्रको मालपोत कार्यालय नै हो। कुनै पनि जग्गा एवं घर के कतिमा खरिद बिक्री भएको भन्ने अभिलेख सोही कार्यालयमा हुने गर्दछ। आधिकारीक निकायमा रहेको कागजलाई | साथै उक्त जग्गा बिक्रेता संगिता रूगंटाको पति जगदिश कुमार मारवाडी रूगंटाले पुनम दास र अशोक अग्रवाललाई बिक्री गरेको क्षे.फ.०-१५-३-१ (२५३ दाम) जग्गा र घर समेत एकमुष्ट रू.२,६०,००,०००।- मा बिक्री गरेको हुँ भनी सोधपुछ कागजमा उल्लेख गरेको र उल्लेखित घर जग्गा निजले नै मिति २०६५/०७/२८ मा रू.२,५८,००,०००।- मा खरिद गरेको भनी उल्लेख गर्नुका साथै उल्लेखित रकम निजले **नबिल बैंकको चेक**बाट जग्गा बिक्रेता जय कुमारी मिश्रलाई भुक्तानी दिएको देखिएकोले सो जग्गा बिक्रीका सम्बन्धमा समेत निजले उल्लेख गरेको व्यहोरा सत्य देखिन आई लिखत मूल्य रू.१,३०,००,०००।- मा खरिद गरेको नभई १२५ दाम जग्गाको रू.१,२८,४५,८४९।८० र घरको रू.२४,००,०००।- लिखतमा उल्लेख भए अनुसारसमेत गरी जम्मा रू.१,५२,४५,८४९।८० मा खरिद गरेको देखिन्छ। उक्त घर जग्गा बिक्री गर्दा रू.६,६३,६२५।- पुँजीगत लाभकर तिरेको मालपोत कार्यालयबाट प्राप्त कागजातबाट देखिएको हुँदा सो रकमलाई पुँजिगत लाभकर भुक्तानी शीर्षकमा राखिएको देखिन्छ। **भ्यालुएटर ईश्वरी प्रसाद ढुङ्गाना र जगदीश प्रसाद(मारवाडी) रुंगटाले अदालत समक्ष गरेको वकपत्रको स.ज ६** मा अनुसन्धानमा गरेको कागज तथा उक्त कागजको व्यहोरालाई स्वीकार गरेको देखिएकोले उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाण योग्य देखिन्छ।<br>•जिल्ला काठमाडौं, का.म.पा.-४ग, कि.नं.६३६ क्षे.फ.४५३.८० व.मि. को घरसहितको जग्गा रचना राणाबाट रू.४,००,००,०००।— मा खरिद गरेको लिखतबाट देखिएकोमा उक्त खरिद मूल्य शंकास्पद देखिन आई वास्तविक खरिद मूल्य तर्फ अनुसन्धान गर्दा जग्गाको कारोवारमा संलग्न (जग्गा दलाल) ईमानसिं लामाले सोधपुछको क्रममा उक्त जग्गा रू.६,२५,००,०००।- खरिद बिक्री भएको हो भनी खुलाएको देखिन्छ। उक्त घर जग्गा खरिद गरेको मितिमा जिल्ला काठमाडौं, नगर-२, कि.नं.११२ क्षे.फ.०-२-३-० र कि.नं.११३ क्षे.फ.०-५-०-१ घर जग्गा रू.४,००,००,०००।- पुनम दासले बिक्री गरेको देखिएकोमा सोही रकमबाट लिखतमा उल्लेखित रू.४,००,००,०००।- भुक्तानी गर्न पुग्ने अवस्था हुँदाहुँदै सनराईज बैकबाट समेत रू.१,९९,००,०००।- ऋण लिएको देखिंदा उक्त लिखत मूल्य रू.४,००,००,०००।- शंकास्पद देखिन आई सो भन्दा बढी रकममा खरिद गरेको पुष्टि हुन आउँछ।साथै उक्त घर जग्गा बिक्रेता रचना राणा र पारिवारका सदस्यले डा. बलभद्र प्रसाद दास, पुनम दास, कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट लिमिटेडको चेकबाट रकम भुक्तानी पाएको देखिएको र जग्गा बिक्री कै मितिको आसपासमा रचना राणा, निजको श्रीमान सन्तोष बहादुर बिष्ट, दाजु गिरिश शमशेर ज.ब.रा., भाउजु रश्मी के.सी. राणाले रू.६,११,८६,०००।- भुक्तानी पाएको देखिएको, उक्त जग्गा रचना राणाको आमाबाट रचना राणाको नाममा आएको देखिएकोले उक्त घर जग्गा बिक्री पश्चात दाजु भाउजुलाई समेतलाई प्राप्त रकम भागबण्डा गरेको देखिन्छ। उक्त जग्गा धितो राख्ने प्रयोजनको लागि सनराईज बैंकबाट गरिएको भ्यालुएसेन रिपोर्टमा समेत सो घर बाहेक जग्गाको मूल्य मात्र रू.६,२८,००,०००।- उल्लेख भएको र भ्यालुएटर बिमल घिमिरेले सोधपुछको क्रममा समेत उक्त घर बाहेक जग्गाको न्यूनतम मूल्याङ्कन रू.६,२८,००,०००।- उल्लेख गरेको देखिंदा सो घर जग्गा रू.६,२५,००,०००।- खरिद गरेको तथ्य प्रमाणबाट देखिन्छ।**भ्यालुएटर बिमल घिमिरेले अदालत समक्ष गरेको वकपत्रको स.ज ६ र ७** मा अनुसन्धानमा गरेको कागज तथा उक्त कागजको व्यहोरालाई स्वीकार गरेको देखिएकोले उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाण योग्य देखिन्छ।<br>•जिल्ला ललितपुर, नगर-५, कि.नं.६०९ क्षे.फ.०-३-०-२ जग्गा रजिष्ट्रेसन लिखतमा रू.६,६६,०००।- खरिद गरेको देखिएकोमा उक्त खरिद मूल्य शंकास्पद देखिन आई वास्तविक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अन्यथा प्रमाणित नभएसम्म त्यसलाई प्रमाणमा लिन मिल्ने हुन्छ।यस सम्बन्धमा प्रचलित कानुनी व्यवस्था हेर्दा प्रमाण ऐन, २०३१ को दफा ६ (ग) मा कुनै अदालत वा सरकारी कार्यालयमा कानुन राख्नु पर्ने स्याहा, श्रेस्ता वा कागज पत्रमा उल्लेखित गरिएका कुराहरु सही रुपमा उल्लेख गरिएको भनी अदालतले अनुमान गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। यसै गरी सो दफा ६(ङ) मा कुनै पनि अदालत वा सरकारी कार्यालय वा अधिकारी वा नेपाल कानुन बमोजिम अधिकार प्राप्त कुनै व्यक्तिबाट प्रकाशित भएको, तयार गरिएको वा प्रमाणित गरिएको भनी जनिएको लिखत सो अदालत, कार्यालय,अधिकारी वा व्यक्तिबाट प्रकाशित भएको वा प्रमाणित गरिएको हो भनि अदालतले अनुमान **गर्नेछ** भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ।उक्त कानुनी व्यवस्थाको रोहबाट समेत प्रतिवादीहरुले खरिद गरेको माथि उल्लिखित जग्गाहरु मालपोत कार्यालयमा राजिनामाको लिखत रजिष्ट्रेशन गर्दा उल्लेख भएको मुल्यलाई नै खरिद मुल्य कायम गर्नु पर्ने देखिन्छ।आनन्द प्रसाद खनाल समेत विरुद्ध नेपाल सरकार (२०६२ सालको फौ.पु.नं. ३३१०, फैसला मिति २०६६/०५/१२) भएको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा सम्मानित सर्वोच्च अदालतले "यस अगाडी फैसला भएको माथि उल्लेखित मुद्दाहरुमा लिखतमा उल्लेखित मूल्यलाई आधार मानी जग्गाको लागत मूल्य कायम गर्नुपर्ने भनी सिद्धान्त कायम भएको अवस्था हुँदा लिखत मूल्यभन्दा बढी मूल्य तिरिएको भन्ने देखिने आधार र सम्बन्धित पक्षको स्विकारोक्ति बिना सम्पत्ति हस्तान्तरण प्रक्रियाको लिखतमा उल्लेखित मूल्यलाई नै मान्नुपर्ने हुन आउँछ।" भन्ने सिद्धान्त प्रतिपादन भएको छ। सो सिद्धान्त प्रस्तुत मुद्दा पनि आकर्षित हुने देखियो। आरोप पत्रमा उल्लेख भएको घर, फ्ल्याट एवं जग्गा बापतको खरिद मुल्य रु.८,८०,७१,५४९।८० व्ययमा गणना गर्न मिलेन। माथि उल्लिखित | खरिद मूल्य तर्फ अनुसन्धान गर्दा जग्गा बिक्रेता रिमादेवी श्रेष्ठले सोधपुछको क्रममा उक्त जग्गा रू.१२,३५,०००।- बिक्री गरेको भनी खुलाएको हुँदा सो जग्गा रू.१२,३५,०००।— मा खरिद गरेको तथ्य प्रमाणबाट देखिन्छ। निज **रिमादेवी श्रेष्ठले अदालत समक्ष गरेको वकपत्रको स.ज ६** मा अनुसन्धानमा गरेको कागज तथा उक्त कागजको व्यहोरालाई स्वीकार गरेको देखिएकोले उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाण योग्य देखिन्छ।<br>•जिल्ला ललितपुर, नगर-५, कि.नं.६२३ क्षे.फ.०-०-०-३ जग्गा जग्गा रजिष्ट्रेसन लिखतमा रू.१,१८,५००।- खरिद गरेको देखिएकोमा उक्त खरिद मूल्य शंकास्पद देखिन आई वास्तविक खरिद मूल्य तर्फ अनुसन्धान गर्दा जग्गा बिक्रेता रिमादेवी श्रेष्ठ र शाकुन्तला पोखरेलसंगको सोधपुछको क्रममा उक्त जग्गा रू.२,३७,०००।- बिक्री गरेको भनी खुलाएको हुँदा सो जग्गा रू.२,३७,०००।- खरिद गरेको तथ्य प्रमाणबाट देखिन्छ।**निज रिमादेवी श्रेष्ठ र शाकुन्तला पोखरेलले अदालत समक्ष गरेको वकपत्रको स.ज ६** मा अनुसन्धानमा गरेको कागज तथा उक्त कागजको व्यहोरालाई स्वीकार गरेको देखिएकोले उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाण योग्य देखिन्छ।<br>• यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतले वादी नेपाल सरकार प्रतिवादी देवेन्द्र डंगोल भएको मुद्दामा"***अकुत सम्पत्तिमा न्याय निरूपणको क्रममा प्रमाणहरूको प्रचुरतालाई हेर्दा र दोषी वा निर्दोषिताको प्रमाण परीक्षणको आधार मान्दा अभियोगपत्रमा के कुन सम्पत्तिलाई स्रोत खुलेको वैध मानिएको रहेछ भन्ने कुराहरूतर्फ पनि अदालतले ध्यान दिई अभियोग पत्र र प्रमाणको समग्रतामा नै निर्णय निष्कर्षमा पुग्नुपर्छ । अभियोगपत्रमा कुन सम्पत्तिलाई वैध मानिएको छ भन्ने कुरालाई बिर्सी स्रोत नखुलेको सम्पत्तिलाई मात्र वैध ठहऱ्याउन खोजिएमा गैरकानूनी सम्पत्ति आर्जनको मुद्दामा पनि प्रमाणहरूको प्रचुरताको सिद्धान्त प्रतिस्थापित हुन गई घटना विशेषमा आधारित भ्रष्टाचार मुद्दामा जस्तै अकुत सम्पत्तिको कसुरमा पनि आरोप शंकारहित तवरबाट प्रमाणित हुनुपर्ने (Beyond reasonable doubt) सिद्धान्त नै हावी हुनपुग्ने ।***" (ने.का.प.२०७५, अंक १, निर्णय नं. ९९३२) भनी नजिर प्रतिपादन भई सकेको अवस्थामासमेत उक्त नजिरको प्रतिकुल हुने गरी सर्वोच्च अदालतको मुद्दा विशेषमा भएको फैसलालाई आधार लिई मालपोत कार्यालयमा भएको राजिनामा रजिष्ट्रेशनको लिखत अनुसार उक्त जग्गासमेतको खरिद मुल्य रु.६,२६,३८,२००।०० कायम भई सो रकम प्रतिवादीको व्ययमा गणना गर्नु पर्ने देखियो भनी प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>•**बैंक मौज्दात**<br>•प्रस्तुत मुद्दाको **आरोपपत्रको पाना नं.७ मा** नेपाल एसबिआई बैक, एनआईसी एशिया बैक, सेन्चुरी बैक, स्टयाण्डर्ड चाटर्ड बैक, नेपाल ईन्भेष्टमेण्ट बैक, सनराईज बैङ्क र बैक अफ काठमाडौसमेतको बैङ्क तथा वित्तिय संस्थामा रहेको विभिन्न खातामा जम्मा **बैक मौज्दात रु.४१,३१,१३४।४८ रहेको भनी विस्तृत विश्लेषण गरिएको अवस्था छ।उक्त विश्लेषण बैकहरुवाट प्राप्त बैक स्टेटमेण्टसमेतको आधारमा तयार भएकोलाई अन्यथा भन्न मिल्ने अवस्था देखिदैन, साथै उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १४ वमोजिम प्रमाणमा लिन हुने नै देखिन्छ।उक्त** तथ्यलाई अन्यथा भन्नु पर्ने अवस्था रहेको देखिदैन।उक्त मौज्दातको सम्वन्धमा एउटै रकमलाई दोस्रो, तेस्रो पटक गणना गरेको भनी वनी वनावटी तथ्य उल्लेख गरी प्रतिवादीले इन्कार गरी वयान गरेको देखिएकोलाई नै आधार मानी प्रतिवादीको बैंक मौज्दात रु. १५,३१,१३४/४८ रही व्यय कायम गर्ने गरी फैसला गरेको देखिन्छ।यसै सन्दर्भमा त्यस्तै पुष्पराज भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा "घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मालपोत कार्यालय भएको राजिनामा रजिष्ट्रेशनको लिखत अनुसार उक्त जग्गासमेतको खरिद मुल्य रु.६,२६,३८,२००।०० कायम भइ सो रकम प्रतिवादीको व्ययमा गणना गर्नु पर्ने देखियो।<br>•**<u>बैंक मौज्दात:</u>**<br>•आरोप पत्रमा बैंक मौज्दात रु.४१,३१,१३४/४८ रहेको भन्ने उल्लेख भएको देखिन्छ। सो मौज्दातलाई प्रतिवादीले इन्कार गरी बयान गरेको देखिन्छ। प्रतिवादीको बहस नोटमा समेत एनआईसि एशिया बैंकमा तान्या दास तथा पुनम दासको नाममा ३ महिनाको Short Term FD खोलेको तथा उक्त Fixed Deposit को म्याद सकिए पछि सोही रकमबाट पुनः अर्को Fixed Deposit खोलेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त एउटै रकमलाई दोस्रो, तेस्रो पटक गणना गरि रु.१५ लाख ३१ हजार हुनुपर्नेमा रु.४१,३१,१३४।४८ आरोप पत्रमा देखाएको भन्ने जिकिर लिएको देखिन्छ। सो तथ्य मिसिल सम्लग्न कागजबाट पुष्टि भएको देखिंदा प्रतिवादीको बैंक मौज्दात रु. १५,३१,१३४/४८ रही व्ययमा गणना गर्नु पर्ने देखियो।<br>•**<u>ऋण भुक्तानी:</u>**<br>•प्रस्तुत मुद्दामा ऋण भुक्तानी शीर्षकमा जम्मा रु.३,३८,९३,२४६।३३ व्यय रहेको आरोप पत्रमा उल्लेख भएको देखिन्छ।प्रतिवादीले मिति २०६७/०८/१९ मा सनराईज बैंकबाट रु.१,००,००,०००।- ऋण लिएको देखिन्छ। जाँच अवधीभर उक्त ऋणको साँवा र ब्याज गरी कुल रु.१,०७,४०,८७९।३३ भुक्तान गरी रु.४५,८८,४८४।८४ भुक्तान गर्न बाँकी रहेको भन्ने प्रतिवादीको बयान तथा बहस जिकिरमा उल्लेख भएको देखिन्छ। उक्त जिकिरलाई पुष्टि हुने गरी मिति २०७७/०६/१५ को सनराईज बैंकको पत्रबाट देखिन्छ। अतः यस शिर्षकमा प्रतिवादीको जम्मा व्यय रु.३,३८,९३,२४६।३३ नभइ | प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने।" (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा आरोपदावीमा उल्लेखित व्यय घटाई गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>•**<u>ऋण भुक्तानी</u>**<br>•प्रस्तुत मुद्दामा ऋण भुक्तानी शीर्षकमा जम्मा रु.३,३८,९३,२४६।३३ व्यय रहेको आरोप पत्रमा उल्लेख भएको देखिन्छ।प्रतिवादीले मिति २०६७/०८/१९ मा सनराईज बैंकबाट रु.१,००,००,०००।- ऋण लिएको देखिन्छ। जाँच अवधीभर उक्त ऋणको साँवा र ब्याज गरी कुल रु.१,०७,४०,८७९।३३ भुक्तान गरी रु.४५,८८,४८४।८४ भुक्तान गर्न बाँकी रहेको भन्ने प्रतिवादीको बयान तथा बहस जिकिरमा उल्लेख भएको देखिन्छ। उक्त जिकिरलाई पुष्टि हुने गरी मिति २०७७/०६/१५ को सनराईज बैंकको पत्रबाट देखिन्छ। अतः यस शिर्षकमा प्रतिवादीको जम्मा व्यय रु.३,३८,९३,२४६।३३ नभई रु.२,३१,५२,३६६।९७ गणना गर्नु पर्ने देखियो भनी व्यय कायम गरेको देखिन्छ। सो सम्वन्धमा आरोपपत्रको पाना नं.२१ र २२ मा उक्त सनराईज बैंक बाट लिएको रु.१,००,००,०००।— रकमको भुक्तानी आर्थिक वर्ष अनुसार जाँच अवधीमा तिरेको रकमको विवरण विस्तृत विश्लेषण गरेको देखिन्छ। उक्त ऋण भुक्तानी शिर्षक अन्तर्गत रु.२,२६,६७,९१२।५० रकम सनराईज बैकवाट लिएको ऋण रकम रु.१,००,००,०००।— वापत तिरेको भन्नेमा विवाद गर्नु पर्ने अवस्था देखिदैन। प्रतिवादीले उक्त ऋण मिति २०६८।०५।०२ गते घर कर्जा अन्तरगत लिएको देखिन्छ भने आ.व २०७४/०७५ सम्म ६ वर्ष सम्ममा भुक्तानी गरेको रकम हो भन्नेमा विवाद गर्नु पर्ने अवस्था देखिदैन। तसर्थ ६ वर्ष सम्म रु.१,००,००,०००।— ऋण लिई ६ वर्ष प्रयोग प्रचलन गर्दा जम्मा रु.१,०७,४०,८७९।३३ मात्र भुक्तानी गरी रु.४५,८८,४८४।८४ बाँकी **भुक्तानी रहेको भन्ने जिकिर अनुमान योग्य सम्म नभएको अवस्थामा समेत सोही तथ्यलाई स्वीकार गरी व्यय घटाउने गरि अदालतवाट भएको फैसला प्रथम दृष्टिमा नै त्रुटि पूर्ण भई बदर भागी छ।यसै सन्दर्भमा** *वादी नेपाल सरकार विरुद्ध भरत प्रसाद नेपाल समेत भएको मुद्दामा* **"बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो"** (ने.का.प. २०७२ अंक ११, नि.नं. ९४९२) भन्ने सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त नजिरसमेतको प्रतिकुल हुने गरी केवल प्रतिवादीको ईन्कारी वयानलाई मात्र आधारलिई व्यय घटाई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको हुँदा बदरभागी छ।<br>•**अतः माथि विवेचित आधार प्रमाणहरुवाट प्रतिवादीको वास्तविक व्यय रु.११,४४,२९,१५०।८८ कायम हुने गरी विशेष अदालतवाट भएको फैसला त्रुटि पूर्ण भई वदर भागी छ।**<br>•**<u>प्रतिवादीको आय तर्फ</u>**<br>•**घर, फ्ल्याट, जग्गा बिक्री:**<br>•जाँच अवधीभर प्रतिवादीका नाममा रहेका घर, जग्गा एवं फ्ल्याट बिक्रीबाट प्रतिवादीले कुल रु.४,५७,००,०००।– आय भएको तथ्यमा विवाद गर्नु पर्ने अवस्था देखिदैन तर उक्त आय मध्ये वैध आय कति हो भन्ने एकिन गर्नु पर्ने अवस्था मुख्य रहेको देखिन्छ। नेपाल सरकार विरुद्ध खुम बहादुर खड्का समेत भएको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा **"जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने"** (ने.का.प. २०६९, नि.नं. ८८३२) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रु.२,३१,५२,३६६।९७ गणना गर्नु पर्ने देखियो।<br>•**अतः घर, फ्ल्याट एवं जग्गा खरिद, बैक मौज्दात, ऋण भुक्तानी शीर्षकमा आरोपपत्रमा उल्लेखित मागदावी भन्दा घटी व्यय देखिएवाट प्रतिवादीको वास्तविक व्यय रु.११,४४,२९,१५०।८८ कायम हुने देखियो।**<br>•**प्रतिवादीको आय तर्फ**<br>•**घर, फ्ल्याट, जग्गा बिक्रीः**<br>•प्रतिवादीको घर, फ्ल्याट, जग्गा बिक्रीबाट आय वादीले आरोप पत्रमा रु.७९,३६,०००/०० उल्लेख गरेको देखिन्छ। जाँच अवधीभर प्रतिवादीका नाममा रहेका घर, जग्गा एवं फ्ल्याट बिक्रीबाट प्रतिवादीले कुल रु.४,५७,००,०००।– आय भएको तथ्य वादीले स्विकार गरेको देखिन्छ। तथापि उक्त जग्गा खरिद गर्दा खरिद रकमको श्रोत नपुगेको भन बिक्रीबाट प्राप्त आयलाई वैध आयमा गणना नगरेको दाबी पेस गरेको देखिन्छ। समग्र जाँच अवधिको आय व्ययको विश्लेषण गरी न्याय निरुपण गर्न पर्ने भनी माथि नै विश्लेषण भइ सकेको छ। श्रोत नपुगेको भनि बिक्री गरेको मुल्य भन्दा कम रकमलाई आयमा गणना गरेको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको नेपाल सरकार विरुद्ध खुम बहादुर खड्का समेत (ने.का.प. २०६९, नि.नं. ८८३२), एवं नेपाल सरकार विरुद्ध अच्युतकृष्ण खरेल समेत (ने.का.प. २०७२ नि.नं. ९४1५) मा भएको व्याख्या सान्दर्भीक हुन्छ। उल्लिखित नजिरहरुमा जाँच अवधिमा बिक्री गरिएको जग्गाको **सम्पुर्ण आयलाई गणना गर्नुपर्ने सिद्धान्त स्थापित** भएको छ। सो नजिरसमेतका आधारमा प्रतिवादीको घर, फ्ल्याट, जग्गा बिक्रीबाट प्राप्त रु.४५७,००,०००।- आयमा गणना गर्नु पर्ने देखियो।<br>•**विमा फिर्ताः**<br>•जाँच अवधीमा प्रतिवादी तथा निजको परिवारको नाममा रहेको बिमा परिपक्व भए पश्चात रु.१५,९२,९२८।२५ भुक्तानी प्राप्त गरेको | भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन गरेको अवस्था देखिन्छ। आरोपपत्रको पाना नं.४२ मा रहेको तालिकाको सि.न.१४ को व्यय खण्डमा *मिति २०६७/८/१५ मा पुनम दासको नाममा जिल्ला काठमाडौं, नगर-२, कि.नं.११२ क्षे.फ.०-२-३-० र कि.नं.११३ क्षे.फ.०-५-०-१ (१२५ दाम) घरसमेतको जग्गा खरिद गर्दाको* रु.१,५२,४५,८४९।८० रकम मध्ये *५.५९% व्ययको मात्र स्रोत पुगेको* देखिन्छ, आरोपपत्रको पाना नं.४६ मा सोही सम्पत्तिको घर बहाल आय प्रतिवादीले रू.१,८०,०००।— माग गरेतापनी वैध आय ५.५९% को आधारमा रु.१०,०६२।— मात्र घर वाहल आयमा गणना गरेकोलाई अदालतले स्वीकार गरेको देखिन्छ। त्यस्तै आरोपपत्रको पाना नं.४८ मा रहेको तालिकाको सि.न.५ को आय खण्डमा मिति २०७४/५/२१ मा पुनम दासले जिल्ला काठमाडौं, का.म.पा.-२, कि.नं.११२ क्षे.फ.०-२-३-० कि.नं.११३ क्षे.फ.०-५-०-१ घरसहितको जग्गा रू.४,००,००,०००।—रकममा विक्री गरेको भनी प्रतिवादीले जिकिर लिएता पनी उक्त जग्गा खरिद गर्दा स्रोत पुगेको ५.५९% आधारमा रु.२२,३६,०००।— मात्र आयमा गणना गरेको देखिन्छ। त्यस्तै फ्लायट खरिद गरेकोमा १००% स्रोत पुगेको देखिएकोले विक्री रकम रु.२०,००,०००।— लाई नै आयमा गणना नै गरेको अवस्था छ। साथै, १००% वैध स्रोत देखिएको जग्गा विक्री वापत प्राप्त रकम रु.३७,००,०००।— लाई नै आयमा गणना गरेको अवस्था देखिन्छ। तसर्थ, **घर, फ्ल्याट, जग्गा विक्री** जम्मा आय रु.४,५७,००,०००।— देखितापनी माथि विवेचना गरे वमोजिमको उक्त कि.न.११२ र ११३ को जग्गा विक्री वापत आय गणना गर्दा उक्त जग्गा खरिद गर्दा देखिएको बैध व्यय ५.५९% वमोजिम जग्गा विक्री जम्मा रकम रु.४,००,००,०००।— को वैध आय रु.२२,३६,०००।—मात्र गणना गर्नु पर्नेमा विवाद गर्नु पर्ने अवस्था नदेखिएकोमा पनि विशेष अदालत काठमाडौवाट फैसला हुदा श्रोत नपुगेको भनी बिक्री गरेको मुल्य भन्दा कम रकमलाई आयमा गणना गरेको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको नेपाल सरकार विरुद्ध खुम बहादुर खड्कासमेत भएको (ने.का.प. २०६९, नि.नं. ८८३२) मुद्दामा नजिरमा सिद्धान्त प्रतिपादन नै नभएको विषयलाई आधार लिई प्रतिवादीको घर, फ्ल्याट, जग्गा बिक्रीबाट प्राप्त रु.४५७,००,०००।- आयमा गणना गर्नु पर्ने देखियो भनी प्रतिवादीको आय वढाएको देखिएको हुँदा प्रस्तुत फैसला सर्वोच्च अदालतलवाट प्रतिपादित नजिरको प्रतिकुल भई वदर वागी छ।<br>•**विमा फिर्ताः**<br>•बीमा फिर्ता वापत प्राप्त रकमका सम्बन्धमा प्रतिवादी बलभद्रप्रसाद दासले अनुसन्धानको क्रममा आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराममा उल्लेख गर्न सकेका छैनन्। निजले उक्त सम्पत्ति विवरण फाराममा उल्लेख गरेका रकमहरूका सम्बन्धमा प्राप्त प्रमाण कागजातहरूको यथोचित मूल्याङ्कन गरी आय र व्यय गणना गरिएकोमा प्रतिवादीले अदालतमा प्रतिवाद गर्दा बीमा परिपक्व भएको भनी बीमा वापत रु.१५,९२,९२८।२५ भनी दाबी गरे तापनि दाबी गरेको उक्त रकमहरू सम्पत्ति विवरण फारममा उल्लेख गरेको नदेखिनुका साथै निजले अनुसन्धानको क्रममा गरेको बयानमा समेत नखुलाई पछि अदालतमा दाबी गरेको तथ्य तत्काल प्राप्त प्रमाणबाट नभई पछि बनाइएको प्रमाणबाट देखिएकोले उक्त दाबी गरेको आय निजको आयमा समावेश गर्नुपर्ने अवस्था देखिदैन। साथै निज प्रतिवादी जाँच अवधीमा उक्त विमा फिर्ता शिर्षक उल्लेख नगरेको मुल कारण वैध आयवाट गरेको विमा वापतको रकम फिर्ता आएको हो भनी प्रमाण पेश गर्न सकेको अवस्था देखिदैन। साथै विमा वापतको आय गणना गर्न विमा वापतको प्रिमियमलाई व्ययमा गणना गर्नु पर्ने सो तर्फ अदालत मौन रही केवल प्रतिवादीको आय बढाउने र व्यय घटाउने गरी फैसला प्रथम दृष्टिमा नै त्रुटि पूर्ण भई बदर भागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखिन्छ। सो तथ्यलाई पुष्टि हुने गरी सम्बन्धित बिमा कम्पनी एवं भुक्तानी प्राप्त हुन आएको बैंकको विवरण समेत प्रतिवादीले बयानका साथ पेस गरेको देखिन्छ। उक्त रकम वादीले प्रतिवादीको आयमा गणना गरेको देखिएन। सो रकम रु.१५,९२,९२८।२५ प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखियो।<br>•**मुआब्जा वापत प्राप्त रकमः**<br>•प्रतिवादीको नाममा रहेको जग्गा मदन भण्डारी राजमार्ग निर्माण गर्ने क्रममा नेपाल सरकारले अधिग्रहण गरेको देखिन्छ।सो जग्गा अधिग्रहण गरेको जग्गा वापत रु.२२,११,४९३/०० क्षतिपुर्ती वापत प्राप्त गरेको देखिन्छ। आ.व. २०७४/७५ मा सो मुआब्जा वापतको रकम प्राप्त गर्दा प्रतिवादीको राष्ट्रिय बाणिज्य बैंकको खातामा रकम जम्मा भएको तथ्य उक्त बैंक खाताको विवरणबाट समेत देखिन्छ।सो रकम वादीले प्रतिवादीको आयमा गणना गरेको देखिएन। सो क्षतिपुर्ति वापत प्राप्त रु.२२,११,४९३/०० रकमसमेत वादीको आयमा समावेश गरी गणना गर्नु पर्ने देखियो।<br>• **ब्याज आयः**<br>•प्रतिवादीले आफ्नो आयमा आफ्नो बैंक खाताबाट प्राप्त ब्याजलाई पनि दाबी गरेको देखिन्छ। आफ्नो बैंक खाताबाट बैंकिङ सुविधा अनुसार प्राप्त ब्याजलाई आयमा गणना गर्नु पर्ने नै हुन्छ। जाँच अवधीभर प्रतिवादीले आफ्ना बैंक खाताहरुमा रु.१९,०९,१३९/०२ व्याज वापत रकम प्राप्त भएको भन्ने दाबी लिएको देखिन्छ। सो दाबीलाई पुष्टि गर्न प्रतिवादीले बैंक स्टेटमेण्ट पेस गरेको देखिन्छ। बैंकबाट जारी स्टेटमेण्टलाई प्रमाणमा लिन मिल्ने नै हुन्छ। सम्मानित सर्वोच्च अदालतले बैंक खातामा प्राप्त हुन आएको ब्याजलाई वैध आयको रुपमा गणना गरिनुपर्ने व्याख्या नेपाल सरकार विरुद्ध ईश्वर पोखरेल समेत (ने.का.प. २०७२, नि.नं. ९४६१) को मुद्दासमेतमा गरेको छ।प्रस्तुत मुद्दामा समेत सो नजीर लागु हुने भइ प्रतिवादीले दाबी गरेको रु.१९,०९,१३९/०२ व्याज | •**मुआब्जा वापत प्राप्त रकमः**<br>•मुआब्जा वापत प्राप्त रकमका सम्बन्धमा प्रतिवादी बलभद्रप्रसाद दासले अनुसन्धानको क्रममा आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराममा उल्लेख गर्न सकेका छैनन्।निजले उक्त सम्पत्ति विवरण फाराममा उल्लेख गरेका रकमहरूका सम्बन्धमा प्राप्त प्रमाण कागजातहरूको यथोचित मूल्याङ्कन गरी आय र व्यय गणना गरिएकोमा प्रतिवादीले अदालतमा प्रतिवाद गर्दा मदन भण्डारी राजमार्गमा रहेको जग्गाको मुआब्जा पाएको भनी मुआब्जा वापत रु.२२,११,४९३/०० पाएको भनी दाबी गरे तापनि दाबी गरेको उक्त रकमहरू सम्पत्ति विवरण फारममा उल्लेख गरेको नदेखिनुका साथै निजले अनुसन्धानको क्रममा गरेको बयानमा समेत नखुलाई पछि अदालतमा दाबी गरेको तथ्य तत्काल प्राप्त प्रमाणबाट नभई पछि बनाइएको प्रमाण हो भन्नेमा विवाद गर्नु पर्ने अवस्था देखिदैन ।यसै सन्दर्भमा **"बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो"** (ने.का.प. २०७२ अंक ११, नि.नं. ९४९२) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिएको अवस्थामा उक्त नजिर सिद्धान्तको प्रतिकुल हुने गरी मुआव्जा वापतको रकम विगोमा कायम गर्नु गरेन भनी जिकिर लिएर यथेष्ट आधार प्रमाण विना उक्त शिर्षकको आयलाई आयमा गणना गरी भएको प्रस्तुत फैसला त्रुटि पूर्ण भई बदर भागी छ।<br>•**ब्याज आयः**<br>•त्यसैगरी प्रतिवादीले आफ्ना बैङ्क खाताहरूमा रु.१९,०९,१३९/०२ व्याज वापत रकम प्राप्त भएको भन्ने दाबी लिएकोमा विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिनेले उक्त huge amount नै ब्याज वापत प्राप्त गरेको भनी लिएको दाबी पुष्टि हुने देखिँदैन।उक्त रकमको स्रोत नै अपुष्ट रहँदा ब्याज वापतको आयलाई वैधानिक आय कायम गर्न मिल्ने देखिँदैन। बैध आय बैक खातामा रहेको अवस्थामा उक्त खातामा आएको व्याजलाई मात्र आयमा गणना गर्न मिल्ने अवस्था देखिन्छ। व्याज गणना गरेको मुल धनको स्रोत वैद्य आय हो/होईन भन्ने तर्फ विश्लेषण गरेको अवस्था पनि देखिदैन। सो सम्वन्धमा सम्मानित सर्वोच्च अदालतवाट **"बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने"** (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भनि सिद्धान्त प्रतिपादन भएकोमा सो नजिरको प्रतिकुल हुने गरी प्रतिवादीको जाँच अवधि समग्र आय र व्यय हेरेर मात्र कति सम्पत्तिमा स्रोत पुग्यो कति सम्पत्तिमा स्रोत पुगेको छैन भनी यकिन गर्नु पर्नेमा उक्त नजिरको प्रतिकुल हुने गरी बैध स्रोत एकिन नगरी बैकमा रहेको व्याजलाई आयमा गणना गर्ने गरी भएको फैसला त्रुटी पूर्ण भई बदर भागी छ।<br>•यसै सन्दर्भमा वादी नेपाल सरकार प्रतिवादी युवराज शर्मा भएको गैरकानूनी सम्पत्ती आर्जन मुद्दामा **"सार्वजनिक पदमा** वहाल **रहेको पदाधिकारीहरुले कानून बमोजिम नियमित रुपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम कोरा औपचारिकताको विषय मात्र होइन। यसको प्रमाणिक मुल्य हुन्छ।जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैंले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन। गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा आफुमाथी अनुसन्धानको प्रक्रिया शुरु हुनुभन्दा धेरै अगाडि नै आफैले स्वेच्छाले बुझाएको विवरणलाई पछि अन्यथा दावी गर्न मिल्दैन"।(मुद्दा नं.७१-NF-००२१, पूर्ण ईजलास)** भनी फैसला भएको अवस्था देखिन्छ।तसर्थ, प्रतिवादी स्वंय आफैले आयोगमा भरेको सम्पत्ति विवरणमा उल्लेख नै नभएको तथा अनुन्धानको क्रममा वयान लगायतमा विषय प्रवेश नै नगराएको शिर्षकहरु व्याज, विमा र मुआव्जासमेतको आयलाई अदालतले स्वीकार गरी आयमा गणना गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ६ र दफा ७ समेतको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वापतको रकम प्रतिवादीको आयमा गणना गर्नु पर्ने देखियो।<br>• **अतः विमा फिर्ता, मुआब्जा वापत प्राप्त रकम, ब्याज आय शिर्षकमा आरोपपत्रमा उल्लेखित मागदावी भन्दा बढी देखिएवाट प्रतिवादीको वास्तविक आय** रु.११,९६,८२,४२०।०७ **कायम हुने देखियो।**<br>• यसप्रकार माथि उल्लिखित विवेचित आधार र कारणबाट प्रतिवादीको वैध आय रु.११,९६,८२,४२०.०७ र व्यय रु.११,४४,२९,१५०.८८ मात्र रहेको देखियो। सो अनुसार आय भन्दा व्यय रु.५२,५३,२६९.१९ ले कम भै वैध आय नै बढी देखिन आयो। प्रतिवादी बलभद्र प्रसाद दासको जाँच अवधि भरको आय व्ययको हिसाब तुलना गर्दा आय (आम्दानी) भन्दा व्यय (खर्च) कम देखिएकोले निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। | प्रतिकुल रही प्रस्तुत मुद्दा प्रथम दृष्टिमा नै त्रुटि पूर्ण भई बदर भागी छ।<br>• **अतः माथि विवेचित आधार प्रमाणहरुवाट प्रतिवादीको वास्तविक आय रु.११,९६,८२,४२०।०७ कायम हुने गरी भएको फैसला त्रुटि पूर्ण भई वदर भागी छ।**<br>• आयोगबाट दायर आरोपपत्रमा आवधिक रूपमा विश्लेषण गरिए अनुसार निज प्रतिवादीहरूको आय आर्जनबाट खर्च तथा लगानी रकम घटाउँदा हुन आउने रू.७,७१,९२,८६०।२४ बराबरको खर्च तथा लगानी (सम्पत्ति) को स्रोत खुल्न आएको नदेखिँदा निज बलभद्रप्रसाद दासले सार्वजनिक सेवाको पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो तथा अस्वाभाविक उच्च जीवनस्तर यापन र भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि भइरहेको पाइन्छ। यसै सन्दर्भमा *"यसरी बढे बढाएको आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसक्दा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वत: गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढे बढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामत: त्यसले आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ जुन कानुन सम्मत हुन नसक्ने"* भनी नेपाल सरकार विरूद्ध युवराज शर्मा (ने.का.प. २०६९, नि.नं. ८८८६) भएको मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी देवेन्द्र डङ्गोल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत भएको गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा (ने.का.प. २०७५, अङ्क १, नि.नं. ९९३२) मा *"गैरकानूनी सम्पत्ति आर्जनको मुद्दामा घटना विशेषमा आधारित भ्रष्टाचार मुद्दामा जस्तो अभियोग शङ्कारहित तवरबाट प्रमाणित हुन आवश्यक हुँदैन। यस्ता मुद्दाहरूमा प्रमाणको प्रचुरता (Preponderance of evidence) कता छ सो हेरी अदालत निर्णय निष्कर्षमा पुग्छ। यो नै अस्वाभाविक सम्पत्ति आर्जनको मुद्दाको महत्त्वपूर्ण आयाम हुने तथा अकुत सम्पत्तिमा न्याय निरूपणको क्रममा प्रमाणहरूको प्रचुरता हेर्दा र दोषी वा निर्दोषिताको प्रमाण परीक्षणको आधार मान्दा अभियोगपत्रमा कुन सम्पत्तिलाई स्रोत खुलेको वैध मानिएको रहेछ भन्ने कुराहरूतर्फ पनि अदालतले ध्यान दिई अभियोग पत्र र प्रमाणको समग्रतामा नै निर्णय निष्कर्षमा पुग्नुपर्छ"* भनी न्यायिक विवेचना भएको पाइएकोमा सोलाई समेत अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ।<br>• त्यसै गरी गैरकानूनी सम्पन्नता सम्बन्धी कसूरमा अपराधका तत्वहरू कार्य (Actus Reus) र मनसाय (Mens Rea) सम्पत्तिको परिमाण र स्रोतको पुष्टिसँगै अन्तरघुलित रूपमा रहेको मानिन्छ। अर्थात् वैध स्रोत पुष्टि नहुने प्रकृतिको सम्पत्ति रहनु नै आपराधिक कार्य (Actus Reus) र त्यस्तो सम्पत्ति आर्जन गर्दा लुप्त वा जुनसुकै तवरबाट गरिने कार्यमा निहित मनसाय नै दूषित मनसाय (Mens Rea) को रूपमा सन्निहित रहेको मानिन्छ। United Nation Convention Against Corruption, २००३ को धारा २८ मा समेत गैरकानूनी सम्पन्नताको कसूरमा knowledge, intent or purpose required as an element of an offence established in accordance with this convention may be inferred from objective factual circumstance भनी उल्लेख भएको र कुनै पनि व्यक्तिको मनसाय तथ्यात्मक परिस्थिति (factual circumstance) बाट अनुमान गर्न सकिन्छ भनी भएको व्यवस्थाले समेत अपराधका तत्वका सापेक्षिक परिभाषा हुनसक्ने भएको देखिन आउँछ। यसरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको कसूरमा सम्बन्धित सार्वजनिक पद धारण गरेको व्यक्तिमात्र कानूनको दायरा भित्र पर्ने नभई निजको घर परिवार समेतका व्यक्तिहरू उपर अनुसन्धान तहकिकात गरिन्छ। यसो गर्नुको मूल उद्देश्य घरपरिवारको व्यक्तिहरुले पनि उक्त भ्रष्टाचारजन्य कार्यबाट आर्जित सम्पत्ति आफ्नो नाममा राख्ने वा लुकाई छुपाई गर्न मद्दत गरेको हुन सक्ने वा त्यस्तो भ्रष्टाचारजन्य सम्पत्तिबाट लाभान्वित हुन सक्ने हुँदा परिवार वा शङ्कास्पद व्यक्ति समेत उपर पनि अनुसन्धानको दायरा बिस्तृत हुन सक्ने हुन्छ। प्रस्तुत मुद्दामा उक्त अन्तराष्ट्रिय मान्यता तथा सैद्धान्तिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आधारलाई अवमूल्यान गर्दै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण भई बदर भागी छ<br>• माथि विवेचित आधार प्रमाणहरुवाट अदालतवाट प्रतिवादीहरुको आय अनुमानको आधारमा आय बढी र व्यय घटी देखाई सफाई दिएको देखिन्छ । नेपाल सरकार विरुद्ध चिरञ्जिवी वाग्ले भएको भ्रष्टाचार मुद्दामा "**न्यायोचित अनुमान शून्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्ने, अनुसन्धानका क्रममा आएका कुराहरू र प्रतिवादीले प्रमाण पुऱ्याउने गरी आएका कुरा बाहेक अन्य प्रमाणहरूको खोजी गर्ने कार्य पुनरावेदन तहबाट हुन पनि सक्दैन । संकलित तथ्य एवं प्रमाणहरूबाट प्रमाणित हुनुपर्ने र यकीन गरिनुपर्ने विषयमा कोरा अनुमानबाट निर्क्यौलमा पुग्न सकिँदैन । न्यायोचित अनुमानको जिकीर लिनेले त्यसका स्पष्ट आधारहरू खुलाउन सक्नु पर्ने हुन्छ ।**" (ने.का.प.२०६७, अंक १२, नि.नं. ८५१९) भनी सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा उक्त सिद्धान्त विपरित कुनै तथ्यको समर्थन विना प्रतिवादिको आय बढी देखाउनुका साथै फैसला गर्दा, विना तथ्य र प्रमाण अनुमान गरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले फैसला भएको हुँदा प्रस्तुत फैसला बदरभागी  देखिन्छ ।<br>• प्रतिवादीहरुले वयान गर्दा निजहरुको सम्पत्तिको वैधानिक स्रोत भनेको तलव, भत्ता, पैत्रिक सम्पत्ति तथा वैध स्रोतवाट आर्जन भएको सम्पत्ति हो भनि लेखाएको भएतापनि सम्पत्तिको खरिदमा नै उक्त भनाई पुष्टि हुने वस्तुनिष्ठ एवंम विश्वासयोग्य प्रमाण पेश गर्न सकेको पाईदैन । स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको चल अचल सम्पत्तिका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत गोविन्दबहादुर श्रेष्ठको प्रतिवेदनले युवराज शर्मा समेत प्रतिवादी भएको गैर कानूनी सम्पत्ति भ्रष्टाचार मुद्दामा "**गैर कानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरुमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको सो अविधमा निजलाई कानूनी रुपमा प्रास भएका आयहरुवाट श्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने**" (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६)भनि नजीर समेत प्रतिपादित भएको देखिन्छ।प्रस्तुत मुद्दामा प्रतिवादी बलभद्र प्रसाद दासले रू.७,७१,९२,८६०।२४ बराबरको सम्पत्तिको स्रोत वैधानिक तवरवाट पुष्टि गर्न सकेको देखिदैन । जसवाट गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएको अवस्थामा विद्यमान कानूनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित कानूनी सिद्धान्तको आधारमा अभियोगदावी बमोजिम कसुर ठहर गरी आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत गरिनुपर्नेमा नगरी अभियोग मागदावीवाट समेत सफाई दिने गरि भएको उक्त फैसला त्रुटिपूर्ण रहेको हुँदा बदर भागी छ ।<br>• अदालतवाट थप आय गणना गरेको रकम व्याज, मुआव्जा रकम, विमा फिर्ता वापतको रकम माथि विवेचित प्रमाणहरुवाट वैद्यानिक मान्न नमिल्ने अवस्थामा अदालतवाट आयमा गणना गरिनु त्रुटिपूर्ण रहेको छ । <u>नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का भएको मुद्दामा (ने.का.प.२०६९, अंक ५, नि.नं. ८८३२) निम्न सिद्धान्तहरु प्रतिपादन भएको देखिन्छः</u><br>• **निक्षेपबाट बढेबढाएको ब्याज रकमलाई सम्पत्तिको मान्यता दिई विगो कायम गर्न तथा आय स्रोतका रुपमा छुट्टै मान्यता प्रदान गर्न नमिली निक्षेप रकमको स्रोत पुष्टि भएमा सोबाट बढेबढाएको ब्याजको पनि स्वतः स्रोत पुष्टि हुने तथा स्रोत पुष्टि नभएको विगोको रुपमा रहने सम्पत्ति तथा सोबाट** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी भई जफतसम्म हुने ।<br>•जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने ।<br>•निक्षेपबाट प्राप्त भएको ब्याज बढेबढाएको सम्पत्ति हुँदा बढेबढाएको सम्पत्तिको छुट्टै स्रोत दिई रहनु पर्ने अवस्था पर्दैन । आधारभूत सम्पत्ति अर्थात् निक्षेप रकमको स्रोत पुष्टि भएमा त्यसबाट बढेबढाएको ब्याजको पनि स्वतः कानूनअनुरूपको आर्जन हुने र निक्षेप रकमको स्रोत पुष्टि गर्न नसकेमा त्यसबाट बढेबढाएको सम्पत्ति पनि स्वतः गैरकानूनी हुने ।<br>•खातामा जम्मा गरेको निक्षेपको स्रोत भने पुष्टि गर्नु नपर्ने केवल खाताबाट प्राप्त ब्याज मात्रै आयस्रोतको रुपमा गणना हुनुपर्ने भन्ने तर्क कानूनसम्मत हुन नसक्ने ।<br>•कानूनले नै सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निजउपर राखी सो गर्न नसकेमा गैरकानूनी आर्जन मान्नु पर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा कानूनको सीधा प्रावधानको बलपूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्न वा निकाल्न नमिल्ने ।<br>•उल्लिखित सिद्धान्तहरु समेत यस मुद्दामा आकर्षित हुने देखिन्छ। यस मुद्दामा समेत प्रतिवादीहरुले जग्गा खरिद, लगानी लगाएतको स्रोत पुष्टी गर्न सकेको देखिदैन।आयोगको तर्फवाट त्यस्तो श्रोत पुष्टि हुन नसकेको रकमलाई आयमा गणना नगरिएकोमा अदालतवाट त्यस्तो रकम समेतलाई आयमा गणना गरी व्यय भन्दा आय रकम बढी देखाई आरोपदावीवाट सफाई दिएको उक्त फैसला सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त, विद्यमान कानूनी व्यवस्था प्रतिकुल रहनुका साथै प्रथम दृष्टिमानै त्रुटिपूर्ण देखिएको हुँदा खारेज भागी छ ।<br>•**अतः** उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौवाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीयुक्त देखिंदा सो बदर गरी निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम कसुर कायम गरी सजाय हुन र आरोपदावी वमोजिम सम्पत्ती जफतसमेत हुन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |